"शिक्षा, पर्यटन पुर्वाधार र कृषि क्षेत्रमा लगाऔ सीप र ज्ञान, समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान !"

पञ्चकन्या गाउँपालिका

गाउँ सभाको २० औं अधिवेशनमा

अध्यक्ष श्री तेज बहादुर तामाङ ज्युले प्रस्तुत गर्नु भएको

आ.व. २०८३/०८४ को

# नीति तथा कार्यक्रम

पञ्चकन्या गाउँपालिका

लाकुरीभञ्ज्याङ, नुवाकोट

*ईति सम्वत् २०८३ साल असार १० गते रोज ४ शुभम्*

पञ्चकन्या गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सदस्यहरु र कर्मचारी साथीहरु। प्रथमतः पञ्चकन्या गाउँपालिका, गाउँसभाको २० औं अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु।

पञ्चकन्या गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा एकदमै हर्षित छु। नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन, सुशासन र लोकतन्त्रको प्राप्ति र सवलीकरणको क्रममा भएका ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। विशेष गरी यस गाउँपालिकाको भूमिबाट **केशव राज पाण्डे, राम प्रसाद पाण्डे, समुन्द्र मल्ल ठकुरी (अजित), मधुकर राई, सुमन तामाङ (दिपेस), पुण्डरी नेपाली, सुनिल कुमार तामाङ, गौरी सिटौला, पुरुषोत्तम खतिवडा, शिव शरण भारती, श्रीकृष्ण राई, रामशरण नेपाली, ईश्वर थापा** लगायतका १४ जना योद्धाहरुको बलिदान हाम्रो सामु जिवितै छ। ती महान् शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै बेपत्ता, घाईते तथा अपाङ्ग योद्धाहरुमा उच्च सम्मान प्रकट गर्दछु। उहाँहरुको त्याग र बलिदानको जगमा बसेर पञ्चकन्या गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई आफ्नो अमूल्य सुझाव दिनु हुने सम्पूर्ण राजनीतिक दल, बुद्धिजीवि, समाजसेवी, संघ संस्था, गाउँबासी आमा, बुवा, दाजुभाइ तथा दिदी बहिनीहरु लगायत सबै सरोकारवालाहरूलाई हार्दिक आभार सहित गाउँपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

यस गाउँपालिकालाई सभ्य, शिक्षित, समुन्नत, उन्नतिशील, आत्मनिर्भर र मौलिक गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँवासीको आकांक्षा र हामीले जनताप्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आफ्नो पालिकाको समग्र विकास र गुणस्तरीय सेवा प्रवाहको लागि नविन, कार्यान्वयन योग्य र रुपान्तरणकारी योजना तथा कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो। त्यसैले चालू आर्थिक वर्षका लागि पञ्चकन्या गाउँपालिका गाउँ सभाको १८ औं अधिवेशनबाट स्वीकृत भएका नीति तथा कार्यक्रमको मार्ग निर्देशन र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धि, नेपालको संविधान, संघीय तथा प्रादेशिक आवधिक योजना आदिका आधारमा आगामी आ.व. २०८३/८४

को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु। जसको व्यवहारिक कार्यान्वयनबाट अपेक्षित लक्ष्य हासिल भई समृद्ध पालिकाको रुपमा स्थापित हुने विश्वास लिएको छु।

**गाउँसभाका सदस्य महानुभावहरु,**

अब, म पञ्चकन्या गाउँपालिकालाई सुशासनयुक्त, सभ्य, समावेशी, प्रविधिमैत्री, नवप्रवर्तनमूखी मौलिक पालिकाको रुपमा रुपान्तरण गर्दै भौतिक विकास, सामाजिक विकास, आर्थिक समृद्धि, सामाजिक न्याय, गुणस्तरीय सेवा प्रवाह गर्ने लक्ष्य सहित आगामी आ.व. २०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**सुशासन तथा शासकीय प्रबन्ध**

१. **"स्थानीय सरकार, सुदृढ लोकतन्त्रको आधार"** सहित नेपालको संविधान, संघीय तथा प्रदेश कानूनहरुसँग सामञ्जस्यता कायम गर्दै स्थानीय सरकारको तोकिएको भूमिकालाई जीवन्त दिन आवश्यक कानूनी तथा संस्थागत संरचनाको सबलीकरण तथा सुदृढीकरण गर्दै जनस्तरमा समेत सरकारको अनुभूत हुने गरी शासकीय अभ्यास सञ्चालन गरिनेछ।

२. शासकीय तथा प्रशासकीय गतिविधिलाई पारदर्शी बनाउँन, नागरिकलाई सूचनाको हकले सुसज्जित गर्न, सञ्चालित गतिविधि प्रचार प्रसार गर्न पालिकाको आफ्नै आधिकारिक युटुब च्यानल सञ्चालनमा ल्याई पालिकासँग सम्बन्धित भिडियो, डकुमेन्ट्री अपलोड गरी प्रचार प्रसार गरिनेछ।

३. जनप्रतिनिधि तथा कर्मचारीलाई तालिम तथा क्षमता अभिवृद्धिमा ध्यान दिईनेछ। वडा कार्यालयहरुलाई सेवा प्रवाहको सुरु विन्दुको रुपमा चुस्त बनाईनेछ। पालिकाभित्र सेवा एकीकृत गरी नागरिक सहजताका लागि एकद्वार सेवा केन्द्र (One Stop Service Center) स्थापनालाई जोड दिईनेछ।

४. गाउँपालिका मार्फत नै भूमि प्रशासन सम्बन्धी सेवा प्रवाह गर्न नेपाल सरकारलाई अनुरोध गरिसकिएको र सो सम्बन्धी थप आवश्यक तयारी गरी आगामी आ.व. बाट नै पालिकाबाट भूमि प्रशासन सेवा सञ्चालनमा ल्याउन पहल गरिनेछ।

५. नागरिकको अति महत्वपूर्ण र अत्यावश्यक कागजात राहदानी, लाईसेन्स लगायतको सेवालाई नागरिकको दैलोसम्म हुलाक मार्फत पुऱ्याउने कार्यलाई सम्बन्धित पक्षसँग

सहकार्य गरी **"घर घरमा हुलाक सेवा, पञ्चकन्या बासीलाई टेवा"** कार्यक्रम सञ्चालन गरिनेछ।

६. स्थानीय विवाद समाधानलाई प्राथमिकतामा राखी न्यायको अनुभूति हुने गरी द्रुत न्याय निरुपणलाई जोड दिईनेछ।

७. गाउँपालिकाको सुव्यवस्थापन, पर्यटकीय पार्कको सुरक्षा लगायत महत्वपूर्ण संरचनाको संरक्षणका लागि नगर प्रहरी परिचालन गरिनेछ।

८. चालु खर्चलाई न्यूनिकरण गर्दै पुँजीगत प्रकृतिको खर्च बढोत्तरीमा जोड दिईनेछ। आर्थिक सुशासनमा जोड दिदै विद्यमान बेरुजु फछ्यौंटमा बिशेष जोड दिईनेछ।

९. आन्तरिक नियन्त्रण प्रणालीलाई अर्थपूर्ण कार्यान्वयन गर्दै सुशासन कायम गरिनेछ।

१०. पछिल्लो पटक निर्वाचित भएर गरेका कामको ५ वर्षे र स्थानीय तह स्थापना भएपश्चातको १० वर्षसम्म पालिकाको सर्वपक्षीय क्षेत्रमा गरेका कार्यको प्राप्त उपलब्धि तयार गरी सार्वजनिक गरिनेछ। पालिकाले गरेका असल अभ्यासको नमुना कार्यको डकुमेन्ट्री तयार गरी प्रचार प्रसार गरिनेछ।

११. मासिक बेतनधारी कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मीहरुको पारिश्रमिकमा नेपाल सरकारले व्यवस्था गरे बमोजिम पारिश्रमिकलाई समयसापेक्ष बनाइनेछ।

## <u>आर्थिक विकास</u>

१२. नागरिकको समुन्नत जीवन यापनका लागि कृषि क्षेत्रलाई यान्त्रीकरण, आधुनिकीकरण, व्यवसायीकरण मार्फत उत्पादन तथा उत्पादकत्व बढाई बजारसम्मको पहुँचमा आवश्यक कार्य गरिनेछ। कृषि उपज बिक्री केन्द्र, शित भण्डार केन्द्र निर्माणमा ध्यान दिईनेछ।

१३. कृषि सडक निर्माणलाई तिव्रता दिईनेछ। पालिकाको कृषि एम्बुलेन्स सञ्चालनमा ल्याउन आवश्यक व्यवस्थापन गरिनेछ।

१४. कृषि उपजको उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि माटो परिक्षण गरि माटो सुहाउँदो बालि लगाउन प्रोत्साहन गरिनेछ। बाँझो जमिन राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न **"जसले रोप्छ फलफूलको बोट, उसको हातमा हरियो नोट"** कार्यक्रमलाई निरन्तरता दिई फलफूलमा आत्मनिर्भर बन्न प्रेरित गरिनेछ।

१५. मौसमी तथा बेमौसमी खेती प्रवर्द्धन एवम् रैथानेबाली संरक्षणको लागि कार्यक्रम सञ्चालन गरिनेछ। कृषकसँगको लागत साझेदारीमा विभिन्न नगदे बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१६. कृषक, कृषि सहकारी र कृषि समूहलाई कृषि उत्पादनमा प्रविधि हस्तान्तरण, प्रसार, कृषिरोगको पहिचान गरी समयमै निदान, बालि संरक्षण, पशुपन्छीमा लाग्ने रोगको निदान लगायत विषयमा जानकारीका लागि एकीकृत घुम्ती सेवा, शिविर र आकस्मिक बाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। बाँदरबाट प्रताडित किसानको बाली संरक्षणमा सर्वपक्षीय सहकार्यबाट आवश्यक उपाय अवलम्बन गरिनेछ।

१७. गाउँपालिका भित्र रहेको कृषि तथा पशुपन्छी फार्महरुलाई नियमानुसार दर्ता गर्न प्रोत्साहन गरिनेछ।

१८. तरकारी, फलफूल र अन्य बालीहरुमा आत्मनिर्भर बनाउने अभिप्रायले साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ। **"समुदायमा आधारित एक वडा, एक कृषि विशेष उत्पादन"** लाई प्रत्येक वडाको छुट्टै पहिचान हुने गरी उत्पादनलाई जोड दिईनेछ।

१९. अर्थोडक्स चियाको उत्पादन सूरु भएसँगै चियाको गुणस्तरीय उत्पादन, प्रशोधन, प्याकेजिङ र बजारीकरण सुनिश्चित गर्न आधुनिक मेसिन खरिद गरी **चिया प्रशोधन केन्द्र** स्थापनालाई जोड दिईनेछ।

२०. गैरसरकारी संघसंस्थासँगको साझेदारीमा प्राकृतिक खेतीमा जोड दिई रासायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनिकरण गर्दै लगिनेछ। किसानहरुलाई रासायनिक मल र विषादी प्रतिकूल प्रभावबारे सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ। मल वितरण गर्न मापदण्ड पुरा गरेका सहकारी संस्थाहरुको संख्या स्वीकृत कार्यविधि बमोजिम कार्यान्वयन गर्दै स्थानीय समिति मार्फत मूल्य निर्धारण, अनुगमन, निरीक्षण गरी मल वितरण कार्यलाई थप प्रभावकारी बनाइनेछ।

२१. कृषि योग्य जमिनमा सिंचाई कुलोहरुको निर्माण तथा मर्मत सम्भार गरी उच्च प्राथमिकताका साथ बाह्रै महिना सिंचाई सुविधा पुऱ्याईने कार्यलाई निरन्तरता दिईनेछ। लिफ्ट सिंचाई जस्ता ठूला सिंचाईका आयोजना सञ्चालन गर्न आवश्यक ठाउँको पहिचान गरी नेपाल सरकार र प्रदेश सरकारको सहयोगका लागि आवश्यक कदम चालिनेछ।

२२. गाउँपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। सहकारीहरुलाई कानून बमोजिम नियमन तथा अनुगमनलाई प्रभावकारी बनाइनेछ।

२३. सहकारी संस्थाहरुलाई सूचना प्रविधिमैत्री बनाई अभिलेख व्यवस्थापनलाई चुस्त बनाई वार्षिक लेखा परीक्षण, साधारण सभा र प्रतिवेदन गर्नै पर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।

२४. **"स्वस्थ पशुपन्छी उत्पादन, आम्दानीको सारः समुन्नत जीवन र समृद्ध पञ्चकन्याको आधार"** लाई साकार पार्न पशु सेवा शाखा र प्रत्येक वडामा रहेका पशु सेवा केन्द्र मार्फत पशु स्वास्थ्य परामर्श र आधारभूत रुपमा आवश्यक पर्ने औषधि उपलब्ध गराईनेछ।

२५. पशुपालनलाई आयस्रोतको माध्यम बनाउँदै कृषकहरुले दुध उत्पादनलाई सहकारी मार्फत मापदण्ड अनुसार विक्रिमा अनुदान प्रदान गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

२६. पशु तथा मानिस दुबैमा लाग्न सक्ने प्राण घातक संक्रामक जुनोटिक (पशु बाट मानिसमा र मानिसबाट पशुमा सर्ने रोग) रेबिज रोग बाट बच्नका निम्ति यस गाउँपालिकाको पाँचवटै वडामा बर्षभरि नै रेविज रोग विरुद्धको खोप उपलब्ध गरिनेछ। माहामारी रोगको संक्रमण फैलिएमा रोकथामको लागि विभिन्न रोग विरुद्ध खोप कार्यक्रम संचालन गरिनेछ।

२७. यस गाउँपालिकाका पशुपालक कृषकहरुको सम्भावित क्षति न्यूनिकरणको लागि नेपाल सरकारद्वारा सञ्चालित पशु वीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२८. पशुजन्य उत्पादन तथा उत्पादकत्व वद्धि गर्ने उद्देश्यले कृत्रिम गर्भाधान सेवालाई निरन्तरता दिईनेछ।

## सामाजिक विकास र सामाजिक सुरक्षा

२९. महिला, बालबालिका, जेष्ठ नागरिक, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला तथा शहिदका परिवार लगायत समुदायमा पछाडि परेका वर्ग र समुदायको संरक्षण तथा विकास मार्फत सामाजिक न्याय प्राप्तिमा जोड दिईनेछ।

३०. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको VERSP-MIS मा नाम Entry तथा नवीकरण गर्न आवश्यक उपकरणको व्यवस्था गरिनेछ। सामाजिक सुरक्षा भत्ता वितरण थप प्रभावकारी बनाइनेछ। व्यक्तिगत घटना दर्ता समयमै गराउन वडास्तरसम्म जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३१. अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास तथा सशक्तिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३२. ५ बर्षमुनिका बालबालिकाहरुमा पोषण सुरक्षा सुनिश्चित गर्न बहुक्षेत्रीय पोषण योजना कार्यक्रम सञ्चालन ल्याईनेछ। निकट भविश्यमा **"पोषणमैत्री स्थानीय शासन"** पालिका घोषणाका लागि आवश्यक गृहकार्य गरिनेछ।

३३. पञ्चकन्या गाउँपालिकालाई नुवाकोट जिल्लाकै पहिलो स्थानीय बालमैत्री गाउँपालिका बनाउँन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। निर्धारित सूचकहरुसँग सम्बन्धित रहेर आवश्यक बजेटको प्रबन्ध गरिनेछ।

## <u>अनिवार्य तथा आधारभूत स्वास्थ्य सेवा</u>

३४. आम गाउँबासीलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण सम्पन्न भइसकेको १० शैयाको अस्पतालबाट यथाशीघ्र विशेषज्ञ तथा चिकित्सकीय सेवा सञ्चालन गरिनेछ। देशका प्रतिष्ठित सरकारी तथा निजी अस्पतालहरूसँग सहकार्य गरी निःशुल्क विशेषज्ञ सेवा विस्तार गरिनेछ। स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै अस्पताल केन्द्रित सेवासँग आबद्ध गर्न पहल गरिनेछ।

३५. समय सापेक्ष सञ्चालन हुँदै आएको निःशुल्क स्वास्थ्य शिविरलाई निरन्तरता दिईनेछ। पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा भइसकेको उपलब्धिलाई दिगो बनाउँदै **"मैले मेरो बच्चालाई पूर्ण खोप लगाएँ, तपाईंको बच्चालाई नि?"** भन्ने सामुदायिक प्रतिबद्धता अभियान सञ्चालन गरिनेछ।

३६. **"बच्चा जोखुहोस, नुन बोक्नुहोस, स्वास्थ्यकर्मीसँग पोषण परामर्श लिनुहोस"** कार्यक्रमलाई निरन्तरता दिइनेछ। वृद्धि अनुगमनमा नियमित सहभागी परिवारलाई सम्मान तथा प्रोत्साहनस्वरूप नगद पुरस्कार प्रदान गरिनेछ। साथै, पञ्चकन्या

गाउँपालिकालाई निकट भविस्यमै **"पोषणमैत्री गाउँपालिका"** घोषणा गर्ने लक्ष्य लिइनेछ।

३७. चालू आ.व. २०८२/८३ मा शतप्रतिशत संस्थागत सुत्केरी गराउन सफल भएको गौरवलाई निरन्तरता दिंदै आ.व. २०८३/८४ मा **"गर्भवती तथा सुत्केरीको साथी गाउँपालिका"**को नामबाट कार्यक्रमलाई थप प्रभावकारी बनाई अण्डा, क्याल्सियम चक्की वितरण, रगत तथा पिसाब परीक्षण र भिडियो एक्स-रे सेवालाई निरन्तरता दिइ निःशुल्क थाईराइड जाँच गरिनेछ।

३८. मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको नाजुक अवस्थालाई मध्यनजर गरी पालिकाभित्र समय समयमा मानसिक स्वास्थ्य शिविर सञ्चालन गरी निःशुल्क औषधीको प्रबन्ध गरिनेछ। निकट भविस्यमा नै १० शैयाको अस्पतालबाट थप विस्तारित मनोसामाजिक स्वास्थ्य सेवा उपलब्ध गराईनेछ।

३९. गाउँपालिकाभित्र सञ्चालित बर्थिङ सेन्टरहरूलाई थप आधुनिक, सुरक्षित तथा सुविधा सम्पन्न बनाउँदै लगिनेछ। गर्भवती तथा सुत्केरी महिलालाई पालिकाभित्रका बर्थिङ सेन्टर र हायरसेन्टरमा रेफर गर्नुपरेमा निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ।

४०. क्यान्सर रोग, मिर्गौला रोग, कलेजो रोग तथा मुटु रोगजस्ता जटिल प्रकृतिका रोगहरूको उपचारमा विपन्न परिवारलाई गाउँपालिकाको आन्तरिक स्रोतबाट प्रदान गर्दै आएका आर्थिक सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४१. **"स्वास्थ्यमा हुन्छ धेरै हानी, नसुधारे खानपान र आनीबानी"** नाराका साथ मधुमेह, उच्च रक्तचाप, श्वासप्रश्वास रोग तथा थाइराइड जस्ता नसर्ने रोगको समयमै पहिचान र नियन्त्रणका लागि १० वटै स्वास्थ्य संस्थामा आवश्यक परीक्षण सामग्री उपलब्ध गराइनेछ। साथै, सो रोगहरुको नियन्त्रण, स्वास्थ्य प्रवर्द्धन तथा गाउँघर क्लिनिक कार्यक्रम सञ्चालन गर्दै फागुन महिनालाई **"नसर्ने रोग पहिचान महिना"** को रूपमा मनाइनेछ।

४२. **"पञ्चकन्या समृद्ध बन्दैछ, बा-आमा सञ्चै छ"** अभियान अन्तर्गत ज्येष्ठ नागरिकहरूको घरदैलो स्वास्थ्य परीक्षण, उपचार तथा परामर्श सेवालाई निरन्तरता दिईनेछ।

४३. स्वास्थ्य सेवाको मेरुदण्डका रूपमा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल अभिवृद्धिका लागि मासिक प्रोत्साहन कार्यक्रमलाई

निरन्तरता दिइनेछ। साथै, कार्यविधिअनुसार सम्मानजनक विदाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४४. आयुर्वेद, प्राकृतिक चिकित्सा, योग, ध्यान तथा घरेलु उपचार पद्धतिलाई प्रवर्द्धन गर्दै सञ्चालनमा ल्याईएको **नागरिक आरोग्य सेवा केन्द्र**लाई थप आधुनिक र सुविधा सम्पन्न **बनाइ**नेछ।

**शिक्षा, युवा तथा खेलकुद"**

४५. **प्रविधिमैत्री तथा सीपमुलक व्यवहारिक शिक्षा, पञ्चकन्या गाउँपालिकाको इच्छा"** भन्ने सौंचका साथ गाउँपालिकाको स्वीकृत शिक्षा योजना २०८२-२०९१ ले निर्दिष्ट गरेका उदेश्य प्राप्त गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

४६. **"Clean And Green School"** को अवधारणा बमोजिम विद्यालय परिसरमा वृक्षारोपण गरि वातावरण मनमोहक र हराभरा बनाईनेछ। **"एक विद्यालय, एक कृषि टनेल"** अभियान मार्फत विद्यालय दिवा खाजा कार्यक्रमको सबलीकरण साथै विद्यार्थीको कृषि पेशासहित सबै प्रकारको पेशाप्रति सकारात्मक सौंच र लगावको अभिवृद्धि गरिनेछ ।

४७. सामुदायिक विद्यालय पनि अङ्ग्रेजी सिकाइ मैत्री छन भन्ने भावनाको विकास गर्न कक्षा १-१० सम्म सबै कक्षामा गणित, विज्ञान, लगायतका केही विषयमा अङ्ग्रेजी र नेपाली दुवै माध्यमका पाठ्यपुस्तक वितरण गर्दै द्वि-भाषिक र बहुभाषिक माध्यमको पाठ्यपुस्तक मार्फत भाषिक सक्षमताको विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

४८. विद्यालयमा अध्ययनरत बालबालिकाको सुरक्षालाई ध्यानमा राखी सबै विद्यालयमा सुरक्षित विद्यालय परिसर र घेराबार निर्माणको नीति लिईनेछ।

४९. संघीय सरकारको आर्थिक सहयोहमा गाउँपालिकाको आर्थिक योगदानसहित बाल विकास केन्द्र र प्राथमिक तहका कक्षाहरुको सिकाइ न्युनता र क्षतिको परिपुरण गर्न आधारभुत सिकाइ (Foundation of Learning) कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयमा STEAM प्याकेजमा आधारित सिकाइको अवधारणा कार्यान्वयन गर्न विद्यालयलाई अभिमुख गरिनेछ। SEE र SLCE को विद्यार्थीलाई लक्षित गरी आवासीय शिक्षण कार्यक्रमलाई थप विस्तार गरिनेछ।

५०. सामुदायिक विद्यालयमा रहेका तालिम प्राप्त दक्ष अनुभवी शिक्षक र शिक्षण नवप्रवेशी शिक्षकहरुको अनुभव साटासाट तथा क्षमता अभिवृद्धिको लागि Teacher Exchange

Program सहित शिक्षक पेसागत सहयोग Teachers Professional Development कार्यक्रम मार्फत बागमती प्रदेश सरकार, विभिन्न गैरसरकारी संघ सस्थासँगको साझेदारीमा कार्यसम्पादन र नतिजामा आधारित भई बिषयगत शिक्षक तालिमको व्यवस्था गरिनेछ।

५१. सामुदायिक विद्यालयलाई सूचना प्रविधीमैत्री बनाई शिक्षण सिकाइमा यसको सघन प्रयोग मार्फत विश्वपरिवेश सुँहाउदो शिक्षण प्रविधिलाई अंगाल्दै सामुदायिक विद्यालयमा Internet, Smart Board तथा Digital सिकाई सामग्रीको पहुँचको विस्तार र आवश्यक प्राविधिक सहयोग उपलब्ध गरिनेछ। शिक्षालाई प्राविधिक धारमा परिणत गर्न प्रेरित गरिनेछ।

५२. गाउँपालिका भित्र अध्ययनरत विद्यार्थीहरुको अन्तर्निहित प्रतिभाको प्रस्फुटन र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न पालिका स्तरीय शैक्षिक तथा विज्ञान प्रदर्शनी, बाल प्रतिभा महोत्सव लगायतका अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापन गरिनेछ। समुदायस्तरमा अनौपचारिक सीप र सिकाइ प्रवर्धन गर्न सामुदायिक सिकाइ केन्द्रहरुको परिचालन गरिनेछ।

५३. शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ कार्यसमितिका पदाधिकारी र प्रधानाध्यापकहरुको नेतृत्व क्षमता विकास तथा संस्थागत क्षमता अभिवृद्धिको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५४. मूल्याङ्कन पद्दतिलाई थप व्यवस्थित र स्तरीकृत बनाई आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन र कक्षा ५ को उपलब्धि परीक्षणलाई गाउँपालिका स्तरमा सम्परीक्षण गरी सिकाइ नतिजा प्रति शिक्षक र विद्यालयको जिम्मेवारीवोधलाई सबल बनाउने नीति लिइनेछ।

५५. विद्यालयको दैनिक समय तालिकालाई पाठ्यक्रमले निर्देश गरे बमोजिम प्रत्येक विषयमा तोकिएको पाठ्य घण्टा पूरा हुनेगरी परियोजना र प्रयोगात्मक सिकाइका लागि विद्यालयमा प्रत्येक महिनाको एक हप्ता परियोजनागत एवम् प्रयोगात्मक सप्ताह सञ्चालन गर्ने नीति लिइनेछ। शैक्षिक सामग्रीसहित परियोजनागत/प्रयोगात्मक शिक्षण गराउने शिक्षकलाई बर्गिकरणसहितको प्रोत्साहन गरिनेछ।

५६. श्रमको हक मौलिक हक एवं मानव अधिकारको रुपमा नेपालको संविधानमा स्थापित हुँदा पनि नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक आफैले उपलब्ध नगराईरहेको

अवस्थामा गाउँपालिकाको आन्तरिक आयलाई विशेष ध्यान दिई बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, स्वयंसेवक शिक्षकको लागि नेपाल सरकारले उपलब्ध गराउने पारिश्रमिकमा थप गरी उपलब्ध गराउदै आएकोमा अझ केही थप गरी उपलब्ध गराईनेछ।

५७. कक्षा ५ र आधारभूत तह ( कक्षा ८) उतीर्ण सहित SEE परीक्षा र SLCE परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थी, विद्यालय तथा बिषय शिक्षकलाई पुरस्कृत र सम्मान गरिनेछ।

५८. शैक्षिक सत्र २०८१ देखि लागु भएको कक्षा १-८ को स्थानीय विषय पञ्चकन्या सेरोफेरोको पाठ्यक्रमलाई थप परिमार्जन गरी सिकाइलाई सवलीकरण गर्न विद्यार्थीलाई सो विषयको पाठ्यपुस्तक निशुल्क वितरण गरिनेछ।

५९. **"जहाँ विद्यार्थी, त्यहाँ शिक्षक"** को अवधारणा अनुरुप उपलब्ध विद्यार्थी सङ्ख्याका आधारमा विद्यालय समायोजन एवम् विद्यालयमा शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान तथा समायोजनको केही अधुरो कार्यलाई पूर्णता दिइनेछ। विद्यालयहरुको मौजुदा शिक्षक संख्या लाई आधार मानी शिक्षा ऐन, नियमावलीले निर्धारण गरेका शिक्षक दरवन्दी नपूग भएका र थप विशेष आवश्यकता भएको समयमा नियुक्त भएका गाउँपालिका अनुदानमा कार्यरत स्वयंसेवक शिक्षक/कर्मचारीको पदलाई खेलकुद, संगित, चित्रकला लगायतका प्रशिक्षकको दरबन्दीमा क्रमसः रुपान्तरण गर्दै सोही अनुसारको शैक्षिक जनशक्ति व्यवस्थापन गर्दै लैजाने नीति लिइनेछ।

६०. विद्यालयको जिन्सी सामग्रीको अभिलेखीकरणलाई आधुनिक बनाउन आवश्यक सहयोग गरिनेछ।

६१. सामुदायिक विद्यालयको शैक्षिक सुधारको लागि प्रधानाध्यापक नियुक्ति गर्दा शैक्षिक योग्यता, पेशागत दक्षता तथा प्रशासकीय कार्यकुशलतालाई अभिवृद्धि गर्ने प्रतिस्पर्धात्मक प्रणालीको विकास गरिनेछ। गाउँपालिकाले विद्यालयका प्र.अ. र प्र.अ ले शिक्षक/ कर्मचारीसँग कार्यसम्पादन करार गरि कार्यजिम्मेवारी बोधलाई सुदृढ गरिनेछ।

६२. पहाडी ग्रामिण क्षेत्रमा जमिन बाँझो हुने क्रम बढिरहेको परिप्रेक्ष्यमा, आउने भविष्यमा विद्यार्थीलाई जनजीविका, उत्पादन, आविस्कार र अनुसन्धानमा जोडी युगकालअनुसारको सिकाइमा जोड्ने एवम् ठुला एकिकृत विद्यालय सञ्चालन गर्ने

पुवार्धारको पुर्वतयारीस्वरुप विद्यालयको स्वामित्वमा जग्गाजमिन थप गर्न सम्भाव्यता अध्ययन गर्न आवश्यक छलफल साथै पहल गरिनेछ।

६३. युवाहरुमा बढ्दो लागूऔषध दुर्व्यसनी, साईबर अपराध र अपराध गर्दा हुने कानूनी समस्या र झन्झटको बारेमा सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६४. **"मनोरञ्जनका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद"** लाई सार्थक बनाउँन गाउँपालिकास्तरीय चेयरमेन कप भलिबल प्रतियोगितालाई निरन्तरता दिइने छ। अन्तर विद्यालय पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड लगायतका खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।

६५. गाउँपालिकाभित्रका युवाहरुलाई खेलकुद क्षेत्रमा क्रियाशिल गराउन विविध खेलकुद कार्यक्रमको आयोजना गरिनेछ। पालिकाबाहिर पालिकाको प्रतिनिधित्व गर्दै जाने खेलाडी र टिमलाई आवश्यक व्यवस्थापन र प्रशिक्षणको व्यवस्था गरिनेछ।

६६. गाउँपालिका क्षेत्रभित्रका युवाहरुको रचनात्मक सिर्जनशिलता विकासको लागि युवा क्लवहरुलाई आवश्यक सहयोग गरिनेछ।

६७. **"एक वडा, एक खेलमैदान"** को अवधारणालाई साकार पार्न थप पहल गरिनेछ।

## पूर्वधार तथा ग्रामिण विकास

६८. **"घर घरमा सडक होईन, सडकमा घर"** नारा आत्मसात् गर्दै वस्ती एकीकरण गर्दै लाने नीति अख्तियार गरिनेछ। गाउँपालिका भित्र रहेका ग्रामीण क्षेत्रलाई क्रमिक रुपमा विकासका पूर्वाधारहरुको यथेष्ट व्यवस्थापन गर्दै लगिनेछ।

६९. गाउँपालिकाको केन्द्र रहेको क्षेत्र लाँकुरीभन्ज्याङ, घलेभन्ज्याङ, स्कुलडाँडा, कुलकुले, आप्र, बानीयाँटार, सहरेटार, बुढासेरा, आसपास लगायत क्षेत्रहरुमा बढ्दो बसोबासलाई मध्यनजर गर्दै उपर्युक्त स्थानहरुको पहिचान गरी योजनाबद्ध विकासको लागि एकिकृत शहरी विकास योजना तयार गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

७०. पञ्चकन्या गाउँपालिकाको वडा १ देखि ५ सम्मको मुख्य क्षेत्रलाई समेटी पञ्चकन्या रिङरोडको विकास गरिनेछ। पालिकाभित्रको मुख्य र सहायक सडकहरुको Right of way (बाटोको अधिकार क्षेत्र) तोकिनेछ।

७१. गाउँपालिकाभित्र आवासीय वा कार्यालय भवन निर्माणमा नक्सा पासलाई अनिवार्य गरिनेछ। साथै, नक्सा अभिलेख गर्ने कार्यलाई सहजता प्रदान गरिनेछ।

७२. हालसम्म ट्र्याक निर्माण भएका वडा स्तरका मुख्य तथा सबै शाखा सडकहरुको मापदण्ड अनूरुपको स्तरोन्नति गर्दै लगिनेछ।

७३. गाउँपालिका केन्द्रदेखि वडा कार्यालयसम्म जोड्ने सडकको स्तरोन्नतिलाई प्राथमिकता दिईनेछ।

७४. ग्रामिण सडकहरुको स्तर निर्धारण तथा मापदण्ड तयार गरि सवै सडकहरुको लगतकट्टा गर्न पहल गरिनेछ। सडकहरुको स्तरोन्नति गर्दा अनिवार्य रुपमा पक्की नाली निर्माण गर्नु पर्ने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ।

७५. निर्माण भइसकेका झोलुङ्गे पूलहरुमा हेरालुको प्रबन्ध गरी नियमित मर्मत सम्भारको व्यवस्था गरिनेछ।

## सीप, रोजगार, उद्यमशीलता र नवप्रवर्तन

७६. संघीय सरकारद्वारा सञ्चालित राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम युवा, श्रम तथा रोजगार मन्त्रालयले अख्तियार गरेका नीति तथा कार्यक्रम र बागमती प्रदेश सरकारद्वारा अवलम्बन गरिएका रोजगार, सीप विकास तथा उत्पादनमुखी नीतिहरूसँग सामञ्जस्यता कायम गर्दै एकीकृत रोजगार प्रणाली विकास गरिनेछ।

७७. बेरोजगार व्यक्तिहरूको दिगो रोजगारी सुनिश्चित गर्न श्रम, सीप, उत्पादन तथा बजारसँग आबद्ध हुने गरी संघीय सरकारले रोजगार सेवा केन्द्रलाई सुदृढ गरी "**रोजगार, सीप तथा उद्यमशीलता केन्द्र**" को रूपमा संस्थागत विकास गरे अनुरुप केन्द्रको सबलीकरण गरिनेछ।

७८. सूचीकृत बेरोजगार व्यक्तिहरूलाई कामका लागि पारिश्रमिकमा आधारित श्रममूलक सामुदायिक आयोजना मार्फत न्यूनतम रोजगारीको प्रत्याभूति प्रदान गरिनेछ। यस्ता आयोजना सार्वजनिक पूर्वाधार निर्माण, कृषि, पर्यटन, पूर्वाधार तथा वातावरण संरक्षणसँग आबद्ध भई गरिनेछ।

७९. सीपयुक्त जनशक्ति विकासका लागि संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा बजार आवश्यकतामा आधारित सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ। यस अन्तर्गत निर्माण, कृषि, पर्यटन, होटल व्यवस्थापन तथा नवप्रवर्तलाई प्राथमिकता दिइनेछ।

८०. पालिकास्तरमा कार्यान्वयन हुने सम्पूर्ण विकास योजनाहरूमा रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई प्राथमिकता दिई श्रममा आधारित रोजगारी सिर्जना गरिने नीति अवलम्बन गरिनेछ ।

८१. कृषि, चिया खेती तथा पर्यटन क्षेत्रमा निजी तथा सामुदायिक साझेदारी प्रवर्द्धन गर्दै सार्वजनिक-सामुदायिक-निजी साझेदारी मोडेलमार्फत नतिजामुखी कार्य गरिनेछ। यसरी उत्पादित उपजको लेबलिङ, ब्रान्डिङ र बजारीकरणसँग जोड्दै रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन गरिनेछ।

८२. श्रमिकहरूको दक्षता, अनुभव तथा सीपको अभिलेखीकरण गरी "श्रम बैंक" स्थापना गरिनेछ। उक्त श्रम बैंकलाई संघ, प्रदेश तथा निजी क्षेत्रसँग जोडेर रोजगारीको अवसरमा सहज पहुँच सुनिश्चित गरिनेछ।

८३. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको सामाजिक सुरक्षालाई मध्यनजर गर्दै योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुन प्रेरित गरिनेछ। पालिका र अन्तर्गतका बेतनधारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषको नियमानुसार अन्तरआवद्धतालाई निरन्तरता दिईनेछ।

८४. वैदेशिक रोजगार सम्बन्धी सम्पूर्ण परामर्श, सूचना व्यवस्थापन, रोजगार मिलान, श्रमिक अभिलेख व्यवस्थापन तथा रोजगार सम्बन्धी परामर्श सेवाहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ। वैदेशिक रोजगारमा जाने श्रमिकहरूको हकहित संरक्षण, जोखिम न्यूनीकरण तथा ठगी नियन्त्रणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक कार्य गरिनेछ।

८५. वैदेशिक रोजगारमा जाने युवाहरूलाई सीपयुक्त, दक्ष तथा प्रतिस्पर्धी बनाउन सीपमूलक तालिम सञ्चालन गरिनेछ। वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषण (रेमिटयान्स) लाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्दै स्थानीय स्तरमा उद्यमशील बन्न प्रेरित गरिनेछ।

८६. वैदेशिक रोजगारका क्रममा अलपत्र परेका, कानुनी/प्रशासनिक जटिलतामा परेका तथा उद्धार आवश्यक श्रमिकहरूको हकहित संरक्षण साथै दुर्घटना, अंगभंग, दीर्घरोग वा अन्य कारणले प्रभावित भएका तथा श्रम क्षमतामा क्षति पुगेका व्यक्तिहरूलाई नेपाल सरकार तथा सम्बन्धित निकायबाट उपलब्ध हुने सामाजिक सुरक्षा, राहत तथा क्षतिपूर्तिका लागि केन्द्रमार्फत आवश्यक सहयोग तथा सहजीकरण गरिनेछ।

८७. श्रमको सम्मान, सामाजिक उत्तरदायित्व तथा सामुदायिक सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले **"कोहि छैन कम, पालिकालाई एक दिन श्रम अभियान"** लाई निरन्तरता दिईने छ। श्रमदानलाई सामुदायिक विकासको अभियानका रूपमा प्रवर्द्धन गर्दै सडक, पदमार्ग, पर्यटन क्षेत्र, सार्वजनिक सम्पत्ति संरक्षण, वृक्षारोपण, सरसफाइ, खानेपानी स्रोत संरक्षण तथा वातावरणीय संरक्षणका कार्यहरूमा सामूहिक श्रमदान परिचालन गरिनेछ।

८८. **"पञ्चकन्या रोजगार तथा उद्यमशीलता कार्यक्रम"** सञ्चालन गरिनेछ। युवाहरूको नवप्रवर्तनमा आधारित स्टार्टअपलाई प्रस्तावका आधारमा आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराइनेछ।

८९. गाउँपालिकाभित्र रहेका विपन्न तथा बेरोजगार नागरिकलाई प्राथमिकतामा राखी लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ। महिला, दलित, जनजाति, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा वैदेशिक रोजगारीबाट फर्किएका युवालाई विशेष प्राथमिकता प्रदान गरिनेछ।

९०. स्थानीय कच्चा पदार्थ, परम्परागत सीप तथा स्थानीय सम्भावनामा आधारित उधमहरूलाई प्रोत्साहन गरिनेछ। कृषि, पशुपालन, पर्यटन, हस्तकला, सेवा तथा उत्पादनमूलक क्षेत्रका उधमहरूलाई प्राथमिकता दिइनेछ। **"उधमशील नागरिक, आत्मनिर्भर परिवार र समृद्ध गाउँपालिका"** निर्माण गरिनेछ।

९१. उधमीहरूलाई वित्तीय संस्थासँग पहुँच विस्तार गरी सहुलियतपूर्ण ऋण तथा लगानीमा सहजीकरण गरिनेछ। उधमीहरूको उत्पादनलाई बजारसँग जोड्न प्रदर्शनी मेला, कोशेली घर तथा डिजिटल मार्केटिङको व्यवस्था गरिनेछ।

९२. **"सिप सिकौं, उधमी बनौं"** भन्ने नारासहित उधमीहरूको क्षमता विकासका लागि नियमित तालिम, अभिमुखीकरण तथा परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

## <u>खानेपानी र सरसफाई</u>

९३. **<u>"स्वच्छ र सफा पिउने पानीः स्वस्थ जिन्दगानी"</u>** लाई सफल पार्न गाउँपालिकाका सबै बस्ती र समुदायमा सुरक्षित **"एक घर, एक धारा"** को नीति अनुरुप स्वच्छ र सफा पिउने पानी लाई उच्च प्राथमिकता साथ अगाडि बढाईनेछ। सरकारी तथा सार्वजनिक निकायमा सुरक्षित खानेपानीको व्यवस्था गरिनेछ।

९४. सुरक्षित खानेपानीको प्रबन्ध मिलाउन मुहानको पहिचान गरी सोको वरिपरि वृक्षारोपण र तारजाली लगाई सुरक्षित गरिने छ। मुहान दर्ता र अभिलेखिकरणलाई व्यवस्थित गरिनेछ।

९५. वर्षातको पानी संकलन गरी जमिनमूनी जल पूनःभरण गर्न रिचार्ज पोखरी निर्माणको कार्यलाई अगाडि बढाईनेछ।

९६. उपभोक्ता र खानेपानी उपभोक्ता समितिहरुलाई पर्यावरणीय स्वच्छता तथा सरसफाई प्रति उत्तरदायी बनाइनेछ।

९७. शैक्षिक संस्था र स्वास्थ्य संस्थाहरुमार्फत सरसफाईका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## वन, वातावरण तथा फोहोरमैला व्यवस्थापन

९८. यस गाउँपालिकाको नाङ्गो सार्वजनिक वन क्षेत्रमा वृक्षारोपण कार्यलाई जोड दिई वातावरण सन्तुलनमा ध्यान दिईनेछ।

९९. सामुदायिक वन उपभोक्ता समितिलाई प्रेरित गरी वन जंगलको संरक्षणमा जिम्मेवार बनाईनेछ। काठको अबैध चोरी निकासी र जंगली पशुपन्छीको चोरी शिकारीलाई नियन्त्रणका लागि आवश्यक सहकार्य गरिनेछ।वनजन्य उत्पादन र वनक्षेत्रबाट प्राप्त राजस्वलाई नियमानुसार पालिकालाई बुझाउनुपर्ने रोयल्टीलाई नियमित गरिनेछ।

१००. यस गाउँपालिकाको बजार क्षेत्रमा फोहोरको समस्या बढ्दै गईरहेकोले उपयुक्त र सुरक्षित ल्याण्डफिल साईटको खोजी गरिनेछ।

१०१. घर आँगनबाट उत्पादन फोहरको स्रोत मै पहिचान गरी छुट्याई सड्ने फोहरलाई आफ्नै घरबारीको मल खाडलहरुमा व्यवस्थित गर्ने र अन्य नगल्ने फोहरहरुलाई मोहरमा परिणत गर्ने नीति अबलम्बन गरिने छ।

१०२. सार्वजनिक स्थानमा फोहोर गर्ने कार्यलाई निरुत्साहित गरिनेछ। यदि गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही गरिने नीति लिईनेछ।

## विपद् व्यवस्थापन र जलवायु उत्थानशीलता

१०३. स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा रहेको विपद् व्यवस्थापनका लागि कोषको रकम बृद्धि गरी विपद् जोखिम न्यूनिकरण र प्रतिकार्य साथै क्षतिको आधारमा आर्थिक सहयोगलाई निरन्तरता दिईनेछ।

१०४. आकस्मिक रुपमा प्राकृतिक तथा मानव सिर्जित प्रकोपको जोखिम न्यूनीकरण र प्रतिकार्यका लागि गाउँपालिकाका सबै वडा, मुख्य चोक र स्थानहरुमा प्राकृति प्रकोप जनचेतना जागृत गर्ने सन्देशमूलक सूचनाहरु प्रवाह गरिनेछ।

१०५. विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउँन विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य र विपद् पुनःलाभ जस्ता सबै चरणहरुमा जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति, केन्द्रीय विपद् व्यवस्थापन समिति लगायत सम्पूर्ण सुरक्षा निकाय तथा सरोकारवालाहरुसँगको सहकार्यलाई जोड दिईनेछ।

१०६. सडक निर्माण लगाएतका विकास निर्माण कार्य सञ्चालन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङकन (EIA) गर्नुपर्ने कानूनी प्रावधानलाई कडाईका साथ लागू गरिनेछ।

१०७. जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न जलवायु परिवर्तन अनुकुलन कार्यक्रम सञ्चालन गरिनेछ।

१०८. पञ्चकन्या गाउँपालिकाको हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिइने छ।

१०९. जलवायु परिवर्तनको प्रभावबाट पर्ने असरहरु र बच्ने उपायका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिने छ।

११०. ढुंङ्गा, गिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृति स्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिने छ।

**<u>राजस्व परिचालन</u>**

१११. लगानीमैत्री कर नीति ल्याईनेछ। करदातालाई प्रोत्साहन गर्ने गरी स्वैच्छिक कर बुझाउने परिपाटीको विकास गरिनेछ। कर प्रणालीलाई सरल र पारदर्शी बनाउन क्रमशः स्मार्ट करप्रणाली लागू गर्ने नीति अवलम्बन गरिनेछ।

११२. नेपालको संबिधानको अनुसूची ८ मा उल्लिखित अधिकारको सूचि अन्तर्गतको स्थानीय कर (सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन

कर) सेवा दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर समेतको दायरा फराकिलो बनाई कुनैपनि करदाता करको दायरा भन्दा बाहिर नरहने व्यवस्था मिलाईनेछ।

११३. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गरि गाउँपालिकालई आर्थिक रुपमा आत्मनिर्भर बनाउन राजस्व सुधार कार्ययोजनाको व्यवहारतः कार्यन्वयन गरि व्यवस्थित रुपमा राजस्व संकलन गर्ने प्रणालिको विकास गरिनेछ।

११४. राजस्व व्यवस्थापनलाई प्रभावकारी, वैज्ञानिक र प्रविधिमैत्री बनाउन अनलाईन प्रणालीबाट राजस्व संकलनलाई प्रभावकारी बनाईनेछ।

११५. आन्तरिक स्रोतको परिचालनलाई व्यवस्थित वनाउन गाउँपालिका तथा वडा तहमा राजस्व ईकाईमा कार्यरत कर्मचारीलाई तालिम तथा क्षमता विकास कार्यक्रममा सहभागि गराईनेछ।

११६. कर अभियान, राजस्व प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन र कर राजस्वमा सुधार गरिनेछ साथै उत्कृष्ट करदाता र संकलन कर्तालाई सम्मान प्रदान गरिनेछ।

११७. कर राजस्व सम्बन्धी स्पष्ट कानून, कार्यविधि, मापदण्ड र संस्थागत संरचना बनाईनेछ।

११८. अन्य स्थानीय तहहरुसँग सहकार्य र समन्वय गरी राजस्वका दरहरु एवम् कर संकलनमा सहकार्यता अभिवृद्धि गरिनेछ।

११९. सबै करदाताको विवरण डिजिटल प्रणालीमा आबद्ध गरिनेछ।

१२०. पञ्चकन्या गाउँपालिकाक्षेत्र भित्र सञ्चालन हुनेगरी अनुमति लिने संघसंस्था एवम् व्यापार व्यवसायहरु सम्बन्धित निकायहरु तथा नेपाल सरकार आन्तरिक राजस्व विभाग अन्तर्गत दर्ता नविकरण वा खारेजी हुनुपर्व पञ्चकन्या गाउँपालिकामा अनिवार्य दर्ता हुनुपर्ने  व्यवस्था कडाईका साथ लागू गरिनेछ।

## <u>सम्पदा, सस्कृति तथा पर्यटन</u>

१२१. "पञ्चकन्याको विकास र समृद्धि, पर्यटकको आगमनमा वृद्धि" सोच सहित महत्वपूर्ण पर्यटकीय स्थलहरु घ्याङस्वारा पर्यटकीय क्षेत्र,  कपिलेश्वर महादेव, कातिकेश्वर, नाटेश्वरी, शिद्धेश्वर, राक्क्षेश्वर, चमेरो गुफा, ब्रह्म क्षेत्र, खड्कुले छाँगो, त्रिवेणीधाम, शिवालय, भुमेस्थान, मंगलादेवी मन्दिर, सुन्दरादेवी, ठुलोखोला दुप्चेश्वर मन्दिर, पञ्चकन्या मन्दिर, सप्तकन्या

मन्दिर, कालिका मन्दिर लगायतका पर्यटकीय क्षेत्रलाई थप व्यवस्थित र प्रचार प्रसार गरिने छ।

१२२. घ्याङस्वारा शहिद स्मारक पर्यटकीय पार्कको विस्तृत परियोजना प्रतिवेदनको आधारमा थप स्तरोन्नति र विकासमा जोड दिदै कपिलेश्वर महादेव लगायतका क्षेत्रमा पर्यटकलाई थप आकर्षित गर्न साहसिक मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्न आवश्यक गृहकार्य अगाडि बढाईनेछ।

१२३. **"एक वडा, एक पर्यटकीय गन्तव्य"** अवधारणा कार्यान्वयन गरी प्रत्येक वडाको विशेष पहिचानलाई पर्यटनसँग जोडिनेछ।

१२४. पर्यटन सूचना केन्द्र स्थापना गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई सही सूचना प्रवाह गर्न गर्ने व्यवस्था गरिनेछ।

१२५. गाउँपालिकाभित्र रहको पर्यटकीय क्षेत्रहरुमा घरबास (Home Stay) कार्यक्रम सञ्चालन गर्न ईच्छुक व्यक्तिहरुलाई आवश्यक सहयोग गर्ने नीति लिईनेछ।

१२६. **"परम्परा झल्किने, आधुनिकता टल्किने"** वाणीलाई सार्थक पार्न परम्परागत संस्कार र सांस्कृतिक विविधताको प्रवर्द्धन गर्दै धार्मिक तथा सांस्कृतिक पर्यटनको विकासमा जोड दिँदै गाउँपालिका भित्र जीवित साँस्कृतिक सम्पदाहरु विभिन्न जातजातिहरुको भाषा, कला, साहित्य, संस्कृति तथा धर्म संरक्षणको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिका र अन्तर्गतका कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा समेत हप्ताको एक दिन आफ्नो मौलिक पहिरन लगाउने व्यवस्था मिलाईनेछ ।

१२७. गाउँपालिका भित्र भएका ऐतिहासिक पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठमन्दिर, गुम्बा, चर्च, पाटी पौवा, सत्तल, कुवा, पँधेरो, ढुङ्गेधारा, अन्तिम दाह संस्कार गर्ने स्थान लगायतका सम्पदाहरुको पुनःनिर्माण तथा संरक्षणलाई निरन्तरता दिईने छ।

## सञ्चार तथा सूचना प्रविधि

१२८. पालिकाका गतिविधिको वस्तुनिष्ठ सूचना प्रवाह गर्ने सञ्चार माध्यमहरूलाई सूचीकृत गरी जनहितकारी विज्ञापन उपलब्ध गराइनेछ।

१२९. संघीय सरकार र बागमती प्रदेश सरकारसँग समन्वय गरी ग्रामीण क्षेत्रमा गुणस्तरीय मोबाइल नेटवर्क र उच्च गतिको ब्रोडब्यान्ड इन्टरनेट सेवा सुनिश्चित गरिनेछ।

१३०. वडा कार्यालयहरूमा सञ्चार पूर्वाधार सुदृढ गर्दै दक्ष प्राविधिक जनशक्तिको व्यवस्थापन र क्षमता अभिवृद्धि गरिनेछ।

१३१. युवा पुस्ताका लागि सूचना प्रविधिको सीप विकास तालिम सञ्चालन गरिनेछ। प्रविधिको माध्यमबाट नागरिकका गुनासो संकलन र शीघ्र समाधान गरिनेछ।

१३२. प्रविधिमा आधारित सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनप्रतिनिधि र कर्मचारीहरूलाई नवीनतम प्रविधि सम्बन्धी नियमित तालिम दिइनेछ।

१३३. 'डिजिटल नेपाल फ्रेमवर्क' र प्रादेशिक रणनीतिको आत्मसात् गर्दै पालिकाका सेवाहरूलाई क्रमशः कागजरहित (Paperless), भौतिक उपस्थितिरहित (Faceless) र नगदरहित (Cashless) बनाइनेछ।

## सार्वजनिक खरिद, जिन्सी र सम्पति व्यवस्थापन

१३४. गाउँपालिकाको स्वामित्वमा रहेका सम्पूर्ण चल तथा अचल सम्पत्तिको अभिलेखलाई व्यवस्थित, अद्यावधिक, पारदर्शी तथा प्रविधिमैत्री बनाउँदै एकीकृत सम्पत्ति व्यवस्थापन प्रणालीको सुदृढीकरण गरिनेछ।

१३५. सार्वजनिक सम्पत्तिको संरक्षण, संवर्द्धन, सदुपयोग तथा दीर्घकालीन व्यवस्थापनलाई सुनिश्चित गर्न आवश्यक पूर्वाधार, निगरानी प्रणाली तथा जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्दै आवश्यक नीतिगत, संस्थागत तथा व्यवस्थापकीय क्षमता सुदृढ गरिनेछ।

१३६. जिन्सी सामानको खरिद, भण्डारण, वितरण, हस्तान्तरण तथा उपयोग सम्बन्धी कार्यलाई प्रचलित कानुन, मापदण्ड र वित्तीय अनुशासनको पूर्ण परिपालना हुने गरी व्यवस्थित गरिनेछ।

१३७. गाउँपालिका तथा मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा रहेका जिन्सी तथा सम्पत्तिको नियमित अनुगमन, निरीक्षण र वार्षिक भौतिक परीक्षण कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१३८. प्रयोगविहीन, जीर्ण, पुराना तथा काम नलाग्ने जिन्सी सामग्रीहरूको मूल्याङ्कन गरी प्रचलित कानुनी व्यवस्था बमोजिम लिलाम, बिक्री, हस्तान्तरण वा अन्य उपयुक्त व्यवस्थापन गरिनेछ।

१३९. सवारी साधन, विद्युतीय उपकरण तथा अन्य सम्पत्तिहरूको नियमित मर्मतसम्भार, संरक्षण गरिनेछ। सार्वजनिक सम्पतिको दुरुपयोगमा कडाई गरिनेछ।

१४०. जिन्सी तथा सम्पत्ति व्यवस्थापन कार्यलाई थप व्यवस्थित, चुस्त एवम् दुरुस्त राख्न आन्तरिक नियन्त्रण तथा अनुगमन प्रणालीलाई सुदृढ गर्दै सम्बन्धित कर्मचारीहरूलाई तालिम, अभिमुखिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। जसबाट सुशासन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासनमा टेवा पु¥याईनेछ।

## उपभोक्ता हित

१४१. पञ्चकन्या गाउँपालिकाको बजार अनुगमन निर्देशिका समसामयिक परिमार्जन गर्दै प्रभावकारी रुपमा लागू गरिनेछ।

१४२. पसल तथा होटलहरुको नियमित अनुगमन गरी म्याद गुज्रेको, लेबलिङ नगरिएको, गुणस्तरहीन खाद्य पदार्थ र औषधीहरुलाई नियन्त्रण गरिनेछ।

१४३. उपभोक्ता हित संरक्षणका लागि आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१४४. पालिका क्षेत्रभित्र उत्पादन गरी बाहिर निकासी गर्ने र बाहिरबाट पैठारी हुने अखाद्य पदार्थमाथि निगरानी बढाईनेछ।

## विद्युत तथा वैकल्पिक उर्जा :

१४५. विद्युतीकरणको आवश्यकता हेरी विद्युत प्रसारण लाईन विस्तार तथा ट्रान्समिटरको क्षमता बृद्धिमा आवश्यक पहल गरिनेछ।

१४६. गाउँपालिका क्षेत्रका महत्वपूर्ण सार्वजनिक स्थान र चोकहरुमा सौर्य बत्ती तथा बिजुली बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१४७. गाउँबासीलाई सौर्य उर्जा, गोबर ग्यास लगायत वैकल्पिक उर्जाको उत्पादन र प्रयोगलाई प्रोत्सान गरी दिगो उर्जा गाउँपालिका अभियान सञ्चालन गरिनेछ।

## भू-संरक्षण, जलाधार व्यवस्थापन :

१४८. वृक्षरोपण र तारवार लगाई गाउँपालिका क्षेत्रभित्रका जलाधार संरक्षण गर्ने तथा पानी भकारी (प्लाष्टिक पोखरी) निर्माणका लागि आवश्यक योजना सञ्चालन गरिनेछ।

१४९. भिरालो भूवनोटका कारण हुनसक्ने बाढि पहिरो, भू-क्षय जस्ता प्रकृतिक प्रकोपको जोखिम लाई न्यून गर्न दिगो भू-संरक्षण नीति अवलम्वन गरिनेछ।

१५०. भूमिगत पानीको मुहान, कुवा, पोखरी लगायत पानीको स्रोतको उचित संरक्षण गर्ने नीति लिईनेछ।

**अन्त्यमा,**

हाम्रा सामु समस्या र चुनौतिका चाङमात्र छैनन् सम्भावना र अवसरको फराकिलो आधारहरु पनि छन्। प्राप्त भएको सकारात्मक परिवर्तन र उपलब्धिको संरक्षण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र र सुशासनको जगमा शान्त, समृद्ध, विकसित, समन्यायिक र सहिष्णु समाज निर्माणको जिम्मेवारीलाई हामीले भुलेका छैनौ र कदापि भुल्ने छैनौ पनि।

अवको हाम्रो यात्रा उपलब्ध स्रोत र साधनको दक्षतापूर्ण, मितव्ययी र प्रभावकारी परिचालनवाट दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हाँसिल गर्दै स्वस्थ र समृद्ध पञ्चकन्या निर्माण गर्नु रहेको छ। प्रस्तावित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न सबै पक्ष, क्षेत्र र सरोकारवालाहरुबाट रचनात्मक सल्लाह, सुझाव, सहयोग मिल्ने आशा, र विश्वास लिएको छु। **धन्यवाद !!**

**१० असार २०८३**